# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३५३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७७/०७८

च.न.:

मिति:-२०७७|०७ |०४

बिषय:- प्रेश बिज्ञप्ति |

स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारी तथा चितवन मेडिकल कलेजका प्रा.डा.दयाराम लम्साल ज्यूको जानकारी अनुसार यस देबचुली नगरपालिका वडा नं.- ११ निवासी बर्ष ७५ को महिला चितवन मेडिकल कलेज भरतपुर,चितवनमा मिति २०७७/०६ /२७ गते भर्ना भएको,मिति २०७७/०६/२८ गते कोभिड-१९ संक्रमण पुस्टि भएको र निजलाई मिति २०७७/०६/२६ गते देखि नै चितवन मेडिकल कलेजको कोभिड आइसोलेशनको भेन्टिलेटरमा राखी उपचार गरिएकोमा डाक्टर लगायत स्वास्थ्यकर्मीको अथक प्रयास हुँदाहुँदै मिति २०७७/०७/०३ गते दिउसो २.३० बजे चितवन मेडिकल कलेजमा मृत्यु भएको र पुरानो मेडिकल कलेज भरतपुरमा ज्वरो आई उपचारत देबचुली-१६ का बर्ष ८७ का पुरुष पी.सि.आर.को रिपोर्ट नआउदै मिति २०७७/०७/०१ गते मृत्यु भएको र परिवारले अन्त्येष्टि गरिसकेपछि मिति २०७७/०७/०२ गते भरतपुर अस्पतालबाट कोभिड संक्रमण पुस्टि भएको नतिजा आएकोले अन्त्येष्टिमा संलग्न आफन्तहरुलाई होम क्वारेन्टिनमा बस्ने व्यवस्था मिलाएको र कोभिड संक्रमणको कारण दुखद निधन हुन गएकोले नगरपालिका दुख व्यक्त गर्दछ साथै शोक सन्तप्त परिवारमा हार्दिक समबेदना व्यक्त गर्दछौ । यस नगरपालिकामा कोभिड संक्रमणको कारण हालसम्म ४ जनाको मृत्यु भएकोले सम्पूर्ण नगरबासीमा नगरपालिकाले जारि गरेको सूचना कार्यन्वयन गर्नु गराउनु हुन र आफु सुरक्षित हुन अनुरोध गरिन्छ साथै नगरपालिकामा समुदाय स्तरमा कोभिड संक्रमण फैलिएकोले चाडबाडको बेला भीडभाडमा नजान र जानै पर्ने भए मास्कको प्रयोग र भौतिक दुरी कायम गरि दैनिक पटक पटक साबुन पानीले हात धुन अनुरोध गरिन्छ ।

०७७/०७/०४

..............................
नगर प्रवक्ता

क्या. दिल बहादुर खत्री

नगर प्रबक्ता


Scanned with CamScanner

Scanned with CamScanner